सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २०५ ♦ २०८२ साल चैत्र १८ बुधवार ♦ 1 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## ढल्केबरको एक होटलमा युवती मृत भेटिइन्, सञ्चालकसहित कर्मचारी फरार




**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरस्थित एक होटलमा एक युवती मृत अवस्थामा फेला परेकी छन् । घटनापछि होटल सञ्चालकसहित कर्मचारी फरार भएका छन् ।

प्रहरीका अनुसार ढल्केबरस्थित ‘जुन तारा स्टाप लाइन होटल’मा मंगलबार बिहान करिब ११:३० बजे पोखरा महानगरपालिका-१३ मियापाटीकी २३ वर्षीया जेनिसा विक मृत अवस्थामा भेटिएकी हुन् ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार युवतीको शव मुखबाट फिज निस्किएको अवस्थामा फेला परेको हो ।

प्रारम्भिक निरीक्षणमा शरीरका अन्य भागमा कुनै चोटपटक नदेखिएको उनले जानकारी दिए ।

घटनापछि होटल सञ्चालक रामपुकार साह तथा त्यहाँ कार्यरत अन्य कर्मचारी सम्पर्कविहीन भएका छन् । उनीहरूको खोजी कार्य तीव्र बनाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनास्थलमा आवश्यक प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल पठाएको छ ।

घटनाको कारण खुल्न नसकेको र यसबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## दोस्रो आर्थिक गणना प्रभावकारी बनाउन समन्वय जरुरी: प्रजिअ यादव



**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, बर्दिवास**

दोस्रो आर्थिक गणना २०८२ लाई प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लास्तरीय समन्वय अपरिहार्य रहेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताएका छन् ।

जिल्ला स्तरिय समन्वय समितिको अन्तर्क्रिया बैठकमा बोल्दै प्रजिअ यादवले आर्थिक गणनाले देशको समग्र अर्थतन्त्रको वास्तविक चित्र प्रस्तुत गर्ने भएकाले यस कार्यमा सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

‘आर्थिक गणना तथ्यांक सङ्कलनको काम मात्र नभई आगामी नीति तथा योजना निर्माणको आधार हो,’ उनले भने ।

उनले गणना प्रक्रियालाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित कार्यालयहरूबीच समन्वय र सहकार्य अझ सुदृढ गर्नुपर्नेमा जोड दिए ।

साथै गणनामा खटिने जनशक्तिलाई आवश्यक सहयोग र सहज वातावरण उपलब्ध गराउन प्रशासन प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूले आर्थिक गणनालाई सफल बनाउन आवश्यक सुझाव तथा अनुभवहरू समेत साझा गरेका थिए ।

दोस्रो आर्थिक गणना २०८२ मार्फत देशभरका आर्थिक गतिविधिहरूको यथार्थ विवरण संकलन गरिने विश्वास गरिएको छ । यसले दीर्घकालीन विकास योजना निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ ।

## प्रदेशमा मन्त्रालय संख्या घटाउने प्रस्ताव पुन: चर्चामा: ७ वटामै सीमित गर्न सिफारिस

**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, बर्दिवास**

प्रशासनिक खर्च नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रदेश सरकारहरूमा मन्त्रालयको संख्या घटाउने विषय पुनः चर्चामा आएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको ‘सुशासन मार्गचित्र-२०८२’ ले प्रत्येक प्रदेशमा मन्त्रालयको संख्या अधिकतम ७ वटामा सीमित गर्न स्पष्ट सिफारिस गरेको हो ।

प्रधानमन्त्री कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा तयार पारिएको उक्त प्रतिवेदनले संविधानको मर्म, कार्यबोझको यथार्थ विश्लेषण तथा प्रशासनिक दक्षताको आधारमा मन्त्रालय संख्या घटाउनुपर्ने औंल्याएको छ ।

प्रतिवेदनमा आवश्यक कानुनी व्यवस्था गरी मन्त्रालयको संरचना पुनर्संरचना गर्नुपर्ने उल्लेख गरिएको छ ।

यसअघि पनि विभिन्न अध्ययन तथा समितिहरूले प्रदेशमा मन्त्रालय संख्या ७ मा सीमित गर्न सुझाव दिएका थिए ।

२०७४ को आम निर्वाचनअघि राज्यव्यवस्था समितिले गराएको अध्ययन तथा काशीराज दाहालको नेतृत्वमा गठित संघीय प्रशासनिक पुनर्संरचना कार्यान्वयन समितिले संघमा १५ र प्रदेशमा ७ मन्त्रालय उपयुक्त हुने निष्कर्ष निकालेको थियो । त्यस्तै, तत्कालीन मुख्य सचिव सोमलाल सुवेदीको नेतृत्वमा बनेको समितिले पनि सोही सिफारिस दोहोऱ्याएको थियो ।

संघीयता कार्यान्वयनपछि २०७४ मा गठन भएका प्रारम्भिक प्रदेश सरकारहरूले ७ वटामै मन्त्रालय सीमित गरेका थिए। तर, २०७७ पछि राजनीतिक अस्थिरता र दलगत समीकरण परिवर्तनसँगै मन्त्रालयको संख्या विस्तार हुने क्रम सुरु भयो ।

विशेषत: सत्ता साझेदारी र गठबन्धन व्यवस्थापनका नाममा मन्त्रालय विभाजन गरी मन्त्री संख्या बढाउने प्रवृत्ति तीव्र बनेको देखिन्छ ।

हालको अवस्थालाई हेर्दा अधिकांश प्रदेशमा मन्त्रालय संख्या उल्लेख्य रूपमा बढेको छ । केही प्रदेशमा मन्त्रालय संख्या १२ देखि १४ सम्म पुगेको छ भने मधेश प्रदेशमा एक समय मन्त्री संख्या २० सम्म पुऱ्याइएको थियो ।

अन्य प्रदेशहरूमा पनि गठबन्धन सन्तुलन मिलाउन मन्त्रालय फुटाएर संख्या बढाउने अभ्यास जारी छ ।

नेपालको संविधानले प्रदेश मन्त्रिपरिषद् गठनका लागि मन्त्री संख्या प्रदेशसभा सदस्यको कुल संख्याको २० प्रतिशतभन्दा बढी नहुने व्यवस्था गरेको छ। तर, मन्त्रालयको संख्या भने स्पष्ट रूपमा तोकिएको छैन । यही संवैधानिक ‘स्पेस’ प्रयोग गर्दै राजनीतिक दलहरूले मन्त्रालय विस्तार गर्दै आएका छन् ।

मन्त्रालय र मन्त्री संख्या बढेसँगै राज्यको आर्थिक दायित्व पनि बढ्दै गएको छ । मन्त्री, सल्लाहकार, कर्मचारी संरचना तथा प्रशासनिक खर्चले प्रदेशको सीमित स्रोतमा थप दबाब सिर्जना गरिरहेको छ ।

यस्तो अवस्थामा मन्त्रालय संख्या घटाउने सिफारिसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिए सुशासन, खर्च कटौती र प्रशासनिक चुस्तता हासिल गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

यद्यपि, विगतमा पटक पटक गरिएको यस्ता सिफारिसहरू कार्यान्वयनमा नआएको सन्दर्भमा यसपटक पनि राजनीतिक इच्छाशक्ति प्रमुख चुनौतीका रूपमा देखिएको छ। सत्ता साझेदारीको राजनीति हावी भइरहेसम्म मन्त्रालय संख्या घटाउने प्रस्ताव व्यवहारमा रूपान्तरण हुन कठिन हुने विश्लेषण गरिएको छ ।

सरकारको पछिल्लो सिफारिसले भने प्रदेश संरचना पुनरावलोकन र खर्च नियन्त्रणबारे बहसलाई पुनः तातो बनाएको छ । अब यसलाई कानुनी तथा नीतिगत रूपमा कसरी अघि बढाइन्छ भन्नेमा सबैको ध्यान केन्द्रित भएको छ ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!“

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

“सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!“

**जनकपुरधाम उपमहानगरपालिका**

# विपन्न समुदायका बालबालिका अध्ययन गर्ने विद्यालयलाई बैंकको सहयोग




**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, बर्दिवास**

बर्दिवासस्थित पंचधुरा आधारभूत विद्यालयलाई नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, बर्दिवास शाखाले आर्थिक सहयोग प्रदान गरेको छ ।

बैंकले आफ्नो सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत विद्यालयलाई करिब १ लाख ५० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री उपलब्ध गराएको हो । विद्यालयका प्रधानाध्यापक श्यामकुमार पौडेलका अनुसार बैंकले ट्र्याकसुट, टी-सर्ट, जुत्ता, मोजा, ब्याग, कापी, पेन्सिल, इरेजर, कटर, औजार बक्स, 'अल इन वन' पुस्तक, कलर पेनलगायत सामग्री सहयोग गरेको छ ।

प्रधानाध्यापक पौडेलले आर्थिक रूपमा विपन्न समुदायका बालबालिका अध्ययन गर्ने विद्यालयमा बैंकले परिचयपत्रसहित शैक्षिक सामग्री उपलब्ध गराएकोमा खुशी व्यक्त गरे। उनले सामाजिक उत्तर दायित्व अन्तर्गत हुने यस्ता सहयोगले सरकारी सहयोगको मात्र अपेक्षा नगरी अन्य क्षेत्रबाट पनि शैक्षिक विकास सम्भव रहेको देखाएको बताए ।

बैंकका शाखा प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा आयोजित हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक तथा स्थानीयको उल्लेख्य उपस्थिति रहेको थियो ।

# प्रदेश मामिला समितिको वार्षिक प्रतिवेदन सभामुखसमक्ष पेश

**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, बर्दिवास**



प्रदेश मामिला समितिले आफ्नो वार्षिक कार्यसम्पादनसम्बन्धी प्रतिवेदन सभामुखसमक्ष पेश गरेको छ ।

समितिले एक वर्षको अवधिमा गरेका गतिविधि, अनुगमन, अध्ययन तथा सिफारिसहरू समेटिएको प्रतिवेदन औपचारिक रूपमा सभामुख रामअशिष यादवलाई बुझाएको हो ।

प्रतिवेदनमा प्रदेशभित्रका विभिन्न निकायहरूको कार्यसम्पादन, कानुन कार्यान्वयनको अवस्था, सेवा प्रवाहमा देखिएका समस्या तथा सुधारका लागि आवश्यक सुझावहरू समावेश गरिएको समितिले जनाएको छ ।

साथै समितिले जनप्रतिनिधिहरूको भूमिकालाई अझ प्रभावकारी बनाउन र प्रदेश शासन प्रणालीलाई सुदृढ बनाउन विशेष जोड दिएको छ ।

समितिका सभापतिले प्रतिवेदनले प्रदेश सरकारका कामकार बाहीलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले समितिले उठाएका विषयहरूलाई कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराइएको पनि जानकारी दिए ।

यसैबीच, सभामुख यादवले समितिको सक्रियताप्रति धन्यवाद व्यक्त गर्दै प्रतिवेदनमा समेटिएका सुझावहरूलाई गम्भीरतापूर्वक अध्ययन गरी कार्यान्वयनतर्फ अग्रसर हुन सरकारलाई निर्देशन दिने बताए । उनले यस्ता प्रतिवेदनहरूले प्रदेशको सुशासन र विकास प्रक्रियालाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

# इन्सेकद्वारा मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक

**खबर दर्पण समाचारदाता**

**चैत्र १७ गते, जनकपुरधाम**

आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशले मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक गरेको छ। मंगलबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा पुस्तकको ३३औं संस्करण सार्वजनिक गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सभा सदस्य तथा महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपा कुमारी यादवले मानव अधिकारका विषयमा निष्पक्ष छानबिन आवश्यक रहेको बताउनुभयो। उहाँले कुनै दवाव बिना मानव अधिकारका मुद्दामा निष्पक्षता कायम राख्नुपर्नेमा जोड दिनुभयो ।

यस्तै कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईटेलले राज्यले मानव अधिकार क्षेत्रमा गरेका सकारात्मक कार्यहरू पनि वर्ष पुस्तकमा समेटिनुपर्ने धारणा राख्नुभयो ।

त्यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले मानव अधिकारकर्मी निष्पक्ष हुनुपर्ने बताउँदै बिचौलिया र दबाबका कारण पीडितले न्याय पाउन कठिन हुने अवस्था रहेको उल्लेख गर्नुभयो ।

यसैगरी राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका संयोजक बुद्धनारायण सहनीले मानव अधिकार संरक्षण र प्रवर्द्धनका विषयमा व्यापक छलफल आवश्यक रहेको बताउनुभयो । उहाँले मानव अधिकारलाई मूलधारमा ल्याउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सहभागीहरू मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रतिनिधि, मानव अधिकारकमी तथा महिला अधिकारकर्मी र पत्रकारहरुले वर्ष पुस्तकमा केवल पीडितहरूको तथ्याङ्क मात्र नभई न्याय प्राप्त गरेका घटनाहरू, साथै मानव अधिकार क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संघसंस्थाहरूको विवरण पनि समावेश गर्न सुझाव दिएका थिए।



कार्यक्रममा इन्सेक मधेशका संयोजक राजु पासवानले प्रस्तुत गर्नुभएको तथ्यांकअनुसार मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लामा मात्र दाइजोका कारण हिंसामा परेका महिलाको संख्या १२९ पुगेको छ, जुन देशकै सबैभन्दा उच्च रहेको उल्लेख गरिएको छ । साथै संयोजक पासवानले उक्त कार्यक्रममा छलफलमा उठेका सवालहरुलाई आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता समेत जनाउनुभयो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फयुज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिबासमा 'सबैका लागि हामी' को बृहत नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न,३०० जनाले लाभ लिए

खबर दर्पण समाचारदाता

**चैत्र १७ गते, बर्दिवास**




'सबैका लागि हामी' संस्थाको तेस्रो वार्षिकोत्सवको अवसरमा बर्दिबास नगरपालिका-५ मा आयोजित बृहत नि:शुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ।

"सबैका लागि हामी: सबैका लागि स्वास्थ्य" भन्ने मूल नाराका साथ आयोजित उक्त शिविरबाट करिब ३०० जना सर्वसाधारणले स्वास्थ्य सेवा लिएका छन्।

चैत्र १७ गते मंगलबार श्री सेम नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ढुङ्गे गढन्ता (बर्दिबास-५) को प्राङ्गणमा सञ्चालन भएको शिविरमा विभिन्न विशेषज्ञ सेवाहरु नि:शुल्क प्रदान गरिएको थियो। शिविरमा सामान्य चिकित्सक, स्त्री रोग तथा प्रसुति, बालरोग, शल्यक्रिया परामर्श, नेत्र तथा दन्त सेवा, मधुमेह जाँच, रक्तसमूह पहिचान र नि:शुल्क औषधी वितरण लगायतका सेवाहरु उपलब्ध गराइएको थियो।

उक्त कार्यक्रमलाई बर्दिबास नगरपालिका तथा वडा नं.-५ ले संरक्षण प्रदान गरेका थिए भने प्राविधिक सहयोग 'शुभ स्वस्तिक हस्पिटल प्रा.लि.' र 'बालमैत्री पोलिक्लिनिक प्रा.लि.' ले गरेका थिए।कार्यक्रमका संयोजक संस्थाका कार्यसमिति सदस्य सागर बस्नेत रहेका थिए। कार्यक्रम समापनका क्रममा संस्थाका अध्यक्षले शिविर सफल बनाउन सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुप्रति धन्यवाद ज्ञापन गरेका छन्।

आयोजक संस्थाले यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने जनाएको छ।

# गौशाला बजारको सरसफाइ तथा व्यवस्थापनका लागि वडा निर्देशन




खबर दर्पण समाचारदाता

**चैत्र १७ गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिका वडा नम्बर ५ का वडा अध्यक्ष ओमप्रकाश गुप्ताले गौशाला बजारको सरसफाइ तथा व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायलाई तीन दिनभित्र आवश्यक कदम चाल्न निर्देशन दिएका छन्।

वडा अध्यक्ष गुप्ताले मंगलबार जारी गरेको सूचनामा उल्लेख छ, "गौशाला बजार ऐतिहासिक तथा व्यापारिक केन्द्र भए पनि हाल यसको अवस्था दयनीय बनेको छ। जथाभावी फोहोर फालिने, नाला तथा ढल अवरुद्ध हुने, सडक अतिक्रमण र अव्यवस्थित पार्किङले बजार अस्तव्यस्त बनेको छ। यसले सर्वसाधारणको स्वास्थ्य र वातावरणमा प्रत्यक्ष असर पारि रहेको छ।

**सामाजिक सुरक्षा भत्ता नविकरण समय मै गरौं ।**

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले हरेक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नविकरण अनिवार्य गर्नुपर्नेछ। नविकरणका लागि नागरिकता, पुरानो परिचयपत्र र बैंक पासबुकको प्रतिलिपि आवश्यक पर्दछ। समयमै नविकरण नगरेमा भत्ता रोक्का हुन सक्नेछ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाले भत्ता नरोकिने सुनिश्चित गर्न आवश्यक कागजात (नागरिकता, फोटो) सहित अनिवार्य रूपमा प्रक्रिया पूरा गर्नुपर्नेछ।

**सामाजिक सुरक्षा भत्ता नविकरणका आवश्यक कागजातहरू:**

आवश्यक कागजातहरू : सक्कल नागरिकता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, र बैंक पासबुक ।

आफू बसेको स्थान मै नविकरण गर्न असक्षम भएमा वडा कार्यालयमा खबर गरी घर मै वा प्रतिनिधि मार्फत नविकरणको व्यवस्था मिलाउन सकिनेछ।

ध्यान दिनुहोस् : मृत्यु भइसकेका वा अन्य कारणले भत्ता नपाउनुपर्ने व्यक्तिको हकमा पनि जानकारी गराई लगत कट्टा गराउनुहुन सूचित गरिन्छ।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

**लक्ष्मीनिया गाउँपालकि, धनुषा**

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,


**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

**Progressive Academy**

Bardibas - 1, Mahottari

www.progressivebardibas.com



Learning Beyond Books

School Time:
7AM to 6 PM
A Semi-residential school.

- Integration of STEAM & PLE pedagogy
- Classrooms with AC and Smart Boards
- Focus on Moral Values & Culture
- Trained and Dedicated Teachers
- Technology Integrated Education

ADMISSIONS OPEN
Pre-School to Grade 8

Give your child an education that develops skills, confidence, and character.

98540-55122 | 044-590422

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**



जेष्ठ नागरिक | एकल महिला | लोपोन्मुख जाति | बालबालिका | अशक्त / अपाङ्ग

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

**औरही नगरपालिका, महोत्तरी**

# गौशाला बजार व्यवस्थित बनाउन सम्बन्धित निकायलाई युवा संजालको एक हप्ते अल्टिमेटम



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**चैत्र १७ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगर युवा सञ्जालले बजार क्षेत्रको व्यवस्थापन तथा सरसफाइ सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै एक हप्ते अल्टिमेटम दिएको छ ।सञ्जालका अध्यक्ष भरत महतो कोईरीको नेतृत्वमा करिब २० जना युवाको समूहले मंगलवार गौशाला नगरपालिकाको कार्यालय, इलाका प्रशासन कार्यालय गौशाला, वडा नं. ५ को कार्यालय, इलाका प्रहरी कार्यालय गौशाला, ट्राफिक प्रहरी कार्यालय गौशाला, गौशाला उद्योग वाणिज्य संघ तथा नगर प्रमुखसमक्ष ध्यानाकर्षण पत्र बुझाएको हो । पत्रमा गौशाला बजार महोत्तरी जिल्लाको एक महत्वपूर्ण तथा ऐतिहासिक व्यापारिक केन्द्रका रूपमा परिचित रहँदै आएको उल्लेख गरिएको छ। हुलकी राजमार्गसँग जोडिएको तथा पूर्व-पश्चिम राजमार्ग नजिक अवस्थित यस बजारले कृषि उत्पादन, बिक्री-वितरण, पशुपालन तथा स्थानीय व्यापार प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको जनाइएको छ ।

तर पछिल्लो समय बजार क्षेत्रको व्यवस्थापन तथा सरसफाइ अवस्था कमजोर बन्दै गएकोप्रति सञ्जालले गम्भीर चिन्ता व्यक्त गरेको छ । जथाभावी फोहोर फालिने, नाला तथा ढल अवरुद्ध हुने, सडक अतिक्रमण तथा अव्यवस्थित पार्किङका कारण बजार क्षेत्र अस्तव्यस्त बन्नुका साथै सर्वसाधारणको स्वास्थ्य र वातावरणमा प्रतिकूल असर परेको उल्लेख गरिएको छ ।

सञ्जालले नियमित तथा प्रभावकारी सरसफाइ व्यवस्थापन सुनिश्चित गर्न, फोहोर सङ्कलन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउन, नाला तथा ढलको तत्काल सफाइ तथा मर्मत गर्न, सडक अतिक्रमण हटाउन तथा पार्किङ व्यवस्थापनलाई प्रभावकारी बनाउन माग गरेको छ ।

सञ्जालका अध्यक्ष भरत महतो कोईरीले बजारको वर्तमान अवस्था चिन्ताजनक रहेको उल्लेख गर्दै समयमै सुधारका लागि ठोस कदम चाल्न आवश्यक रहेको बताउनुभयो । उहाँले सम्बन्धित निकायलाई जिम्मेवार बन्न आग्रह गर्दै एक हप्ताभित्र माग सम्बोधन नभए थप कडा आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनी दिनुभयो । पत्रमा उल्लिखित मागहरू एक हप्ताभित्र कार्यान्वयन गर्न अनुरोध गरिएको छ ।

अन्यथा समस्या समाधानका लागि थप सशक्त कदम चाल्न बाध्य हुने सञ्जालले जनाएको छ। सम्बन्धित निकायबाट शीघ्र सकारात्मक पहल हुने अपेक्षा गरिएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय
गौशाला, महोतरीको
शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)
संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरूलाई फारम भर्नाको लागि आहवान गरिन्छ ।

हाम्रो विशेषताहरू
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरूका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट वोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२-१२-२० गतेदेखि २०८३-०१-०४ सम्म ।
२. Orientation Class २०८३-०१-०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३-०१-०६ गते ।
४. भर्ना सुरु २०८३-०१-०७ गतेबाट
५. कक्षा संचालन २०८३-०१-१३ गतेबाट...............
६. सम्पर्क स्थान: श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रू १००/- ।




भवदिय: श्री त्रिभुवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी
प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"
सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् ।
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
बलवा नगरपालिका, महोत्तरी


सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।
गौशाला नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,